प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
# प्रदेश लेखा नियन्त्रक कार्यालय
प्रदेश नं. १
विराटनगर, नेपाल

ईमेल: province1.ptco@fcgo.gov.np
फोन नं.: ०२१-४६३३४०

प.सं. २०७६/०७७
च.नं. 96

मिति २०७६/०४/०२

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश लेखा नियन्त्रक कार्यालय प्रदेश नं. १ विराटनगर, मोरङ

**विषयः आर्थिक वर्ष २०७६/७७ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन।**

**श्री प्रमुखज्यू**
**प्रदेश लेखा इकाई कार्यालयहरु,**
**प्रदेश नं. १ ।**

आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ०१ मिति २०७६।०४।०१ गतेको आर्थिक वर्ष २०७६/०७७ को बजेट कार्यान्वयन सम्वन्धी निर्देशन बमोजिम चालु आ.व. २०७६/७७ को निमित्त विनियोजित बजेटको प्रभावकारी कार्यान्वयन गरी उपलब्धी हासिल गर्न वार्षिक व्यय अनुमानमा उल्लेखित रकम निकासा र खर्चको लागि प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ३३ को उप-नियम १ वमोजिम विभिन्त्र मन्त्रालय, संवैधानिक निकाय, सचिवालय, आयोग तथा विभागलाई दिएका अख्तियारी तथा निर्देशनमा उल्लेख भएका विषय समेतलाई ध्यान दिई देहाय बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

**(क) कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट**

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budgetary Information System-PLMBIS) बाट प्राप्त हुने कार्यक्रमलाई नै स्वीकृत र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित कार्यालयलाई बजेट निकासा गर्ने व्यवस्था मिलाउने ।

२. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry budgetary Information System-PLMBIS) मा समावेश भएका कुनै कार्यक्रममा संशोधन गर्नुपर्ने भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनुपर्नेछ। तर चौमासिक विभाजन संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनुपर्ने वा राजपत्रांकित प्रथम श्रेणीको अधिकारीले स्वयं कार्यक्रम संशोधन गर्न सक्नेछ व्यवस्था रहेको छ। यसरी कार्यक्रम संशोधन गर्दा साविकको बजेट घट्ने देखिएमा सम्बन्धित लेखा इकाई कार्यालयबाट बजेट रोक्का राखेपछि मात्र संशोधन गरिने भएकोले अख्तियारी प्रदान गर्ने निकायबाट अनुरोध भै आएमा बजेट रोक्का राख्ने ।

३. कुनै निकायमा एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा खर्च गर्ने निकायहरुलाई २०७६ साउन १५ गतेभित्र सम्पूर्ण रकम बाँडफाँट गरिसक्नु पर्नेछ र सोको



प्रदेश लेखा नियन्त्रक

जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्ने व्यवस्था रहेकोछ ।

४. PLMBIS मा भएका कार्यक्रम/क्रियाकलाप स्पष्ट नखुली एकमुष्ट रुपमा विनियोजित रकमको क्रियाकलापगत विवरण खुलाई चौमासिक विभाजन सहितको कार्यक्रम तयार गरी २०७६ साउन मसान्तभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्ने व्यवस्था रहेकोछ ।

५. स्रोतको सुनिश्चितता नभई शुरु गरिएका खरिद प्रक्रिया वा अन्य कार्यबाट सिर्जना हुने दायित्वका लागि थप निकासा, रकमान्तर, स्रोतान्तर नगर्ने व्यवस्था रहेको छ ।

६. फागुन मसान्तसम्म काम शुरु नभएका कार्यक्रमहरुको सम्पूर्ण बजेट चैत्र १५ गतेभित्र अनिवार्य रुपमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेकोछ ।

७. चालु अन्तर्गत विनियोजित रकमको बाँडफाँट गर्दा तलब, महँगी भत्ता, पोशाक भत्ता, भाडा, पानी बिजुली, सञ्चार महसुलजस्ता अनिवार्य दायित्वमा पर्याप्त रकम छुट्याई बाँकी रकम अन्य कार्यका लागि बाँडफाँट गर्नुपर्ने र अनिवार्य दायित्व वापत बाँडफाँट कम गरेको कारणबाट श्रृजित दायित्वका लागि रकमान्तर र थप निकासा नहुने व्यवस्था रहेकोछ ।

८. खर्च शीर्षक नं. २८९११ (भैपरी आउने – चालु खर्च), ३१५११ (भैपरी आउने – पूँजीगत खर्च) मा विनियोजित बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बाँडफाँड स्वीकृत गराएर मात्र खर्च गर्नुपर्ने व्यवस्था भएकोले उक्त खर्च शिर्षकमा भुक्तानी निकासा नगर्ने ।

९. नियमानुसार कार्यक्रम संशोधन गर्नु परेमा, कार्यक्रम संशोधनको प्रक्रिया, रकमान्तर, स्रोतान्तर, थप निकासा लगायतका प्रक्रिया पूरा गरी PLMBIS प्रविष्ट गरेपछि मात्र खरिद प्रक्रिया अगाडि बढाउनु पर्ने र चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम र बजेटको आधारमा बहुवर्षीय खरिद/ ठेक्का गर्नु परेमा पछिल्ला वर्षहरुको स्रोत सुनिश्चितताका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति अनिवार्य लिनु पर्ने व्यवस्था रहेकोछ ।

१०. सशर्त अनुदानमा राखिएको रकम तोकिएका कार्यक्रमका लागि मात्र खर्च गर्नु पर्ने भएकोले सोही अनुसार निकासा गर्नु पर्नेछ ।

**(ख) योजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन**

११. प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी विनियोजन भएको कुनै योजना वा कार्यक्रम नेपालको संविधानको अनुसूची - ८ बमोजिम स्थानीय तहको अधिकार सूचीमा परेकोमा सम्बन्धित स्थानीय तहले त्यस्तो योजना वा कार्यक्रम आफैले कार्यान्वयन गर्न चाहेमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले स्थानीय तहले त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गर्न सक्ने देखिएमा सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्नु पर्ने र सोको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्ने व्यवस्था रहेकोछ ।



प्रदेश लेखा नियन्त्रक

१२. स्थानीय तहमा हस्तान्तरण भएको स्थानीय तहले स्वीकृत गरेको योजना वा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत् कार्यान्वयन गराउन चाहेमा सम्बन्धित मन्त्रालयको स्वीकृति लिई सम्बन्धित कार्यालयले त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था रहेकोछ ।

**(ग) बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्था**

१३. बजेटको प्रभावकारी कार्यान्वयनको लागि बजेटमा समावेश भएका कार्यक्रमहरुको समयसीमा सहितको कार्य योजना श्रावण मसान्तभित्र स्वीकृत गरी कार्य सम्पादन गर्नुपर्ने र पूँजीगत खर्च जेष्ठ मसान्तभित्र गरिसक्ने व्यवस्था रहेकोछ ।

१४. अशोज मसान्तभित्र बोलपत्र मूल्याङ्कन गरी ठेक्का बन्दोवस्त तथा खरिद सम्झौता गरी ठेक्का सम्झौता भएको १५ दिनभित्र कार्य शुरु गर्ने गरी कार्यादेश दिने, बजेटमा परेका सवै विकास आयोजना तथा कार्यक्रमको कार्यान्वयनका प्रारम्भिक चरणका कार्यहरु पहिलो चौमासिकभित्र पुरा गरी पहिलो चौमासिकभित्र कार्य प्रारम्भ हुने व्यवस्था रहेकोछ ।

१५. कार्यक्रम/आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली, कार्यविधि तथा निर्देशिकाहरू तर्जुमा तथा संशोधनको कार्य श्रावण मसान्तभित्र सम्पन्त्र गर्ने र कार्यक्रम/आयोजनाहरू सम्पन्न गर्ने अवधिभरका लागि स्पष्ट जनशक्ति योजना सहित आवश्यक अस्थायी दरबन्दीहरू साउन मसान्तभित्र स्वीकृत गराई सक्ने व्यवस्था रहेकोछ ।

१६. आयोजना/कार्यक्रमको भौतिक प्रगतिका आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाइएको छ। पहिलो चौमासिक निकासा/भुक्तानीको लागि भौतिक प्रगति आवश्यक पर्ने छैन। दोस्रो र तेस्रो चौमासिक निकासा/भुक्तानीका लागि सो अवधिसम्मको भौतिक प्रगति न्यूनतम ५० प्रतिशत हेरी निकासा दिने।

१७. कार्य सम्पन्न भएपछि कामको भेरिफिकेसन गरी कार्य सम्पन्न भएको मितिले १० दिनभित्र कार्य सम्पन्न बिल तयार गर्ने र बिल पेश भएको मितिले १५ दिनभित्र बिल स्वीकृत गर्ने व्यवस्था मिलाइएकोले सोही बमोजिम भुक्तानी निकासा गर्ने ।

**(घ) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन**

१८. पूँजीगत खर्च तथा वित्तीय व्यवस्थातर्फ विनियोजित रकम चालु खर्चमा र पूँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गर्न नसकिने व्यवस्था रहेकोछ ।

१९. स्वीकृत रकम एक बजेट उपशीर्षकबाट अर्को बजेट उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा रकमान्तर गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्वन्धित प्रदेश लेखा इकाई कार्यालयबाट बजेट रोक्का राखेको जानकारी पत्र माग गर्ने व्यवस्था रहेकोछ ।

प्रदेश लेखा नियन्त्रक

२०. तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, सचार महसुल र भाडामा आगामी वर्षको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु गराउनु पर्छ । तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता बापतको रकम भुक्तानी गर्नुपर्ने व्यवस्था भएको हुँदा सोही बमोजिम तलव भत्ताको रकम निकासा दिने ।सेवा करारमा कार्यरत व्यक्तिहरुको पारिश्रमिक/सेवा शुल्क खर्च शीर्षक नं. २२४१३ बाट मात्र खर्च लेख्नुपर्ने भएकोले सोही अनुसार निकासा दिने ।

२१. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान सञ्चालन हुने कार्यक्रमहरुको बजेट निकासा महालेखा नियन्त्रक कार्यालयबाट खर्च विवरणका आधारमा चौमासिक रुपमा प्राप्त हुने हुँदा खर्चको विवरण मासिक रुपमा र प्रगति प्रतिवेदन चौमासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था रहेकोछ ।

२२. स्वीकृत दरबन्दी तथा बजेटको परिधिभित्र रहेर मात्र सेवा करारका कर्मचारीहरुको व्यवस्थापन गर्नुपर्नेछ ।

२३. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत, स्टेशनरी खर्च, भत्ता, तालीम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च जस्ता प्रशासनिक खर्चमा अत्यन्त मितव्ययिता अपनाई खर्च गर्नु पर्नेछ । आवश्यकता र औचित्य आधारमा मात्र अनुगमन तथा भ्रमण खर्च प्रदान गर्न गराउने व्यवस्था रहेकोछ ।सरकारी कार्यालयहरुले सकेसम्म व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिने र न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिनु पर्नेछ ।नयाँ फर्निचर तथा अन्य सामग्री भएकोलाई मर्मत सम्भार गरी प्रयोग गर्ने र काम नलाग्नेलाई लिलाम विक्री अनिवार्य रुपले गर्नुपर्ने व्यवस्था रहेकोछ । नयाँ कार्यालय र अति आवश्यकतामा बाहेक थप फर्निचर तथा फिक्चर्स, कम्प्युटर, ल्यापटप, प्रिन्टर खरिद नगर्ने नीति अवलम्वन गर्नुपर्ने व्यवस्था रहेको छ ।

२४. प्रदेश अन्तर्गत विभिन्न जिल्ला तथा स्थानीयस्तरमा हुने तालिम गोष्ठी, अन्तर्क्रिया आदि सञ्चालन गर्दा विषयसँग सम्वन्धित संघीय तथा प्रदेशमा अन्य मन्त्रलाय तथा स्थानीयतहसँग समन्वय गरी एकीकृत रुपमा गर्नपर्ने र सरकारी खर्चमा कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्छ । सरकारी सभाहल उपलब्ध हुन नसक्ने अवस्थामा अधिकतम मितव्ययी हुने प्रकारले कार्यक्रम आयोजना गर्नु पर्ने व्यवस्था रहेकोछ ।

२५. जग्गाको मुआब्जा निर्धारण गर्दा रजिष्ट्रेशन प्रयोजनको लागि मालपोत कार्यालयले निर्धारण गरेको सरकारी दररेटलाई आधार लिनु पर्ने व्यवस्था रहेकोछ ।

२६. विषयगत निकायमा रहेका जनशक्तिको अधिकतम उपयोग गरी कार्यसम्पादन गरी बाह्य निकाय/संस्था/ब्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने व्यवस्था रहेकोछ।

प्रदेश लेखा नियन्त्रक

२७. सबै सरकारी निकायले आर्थिक दायित्व सिर्जना हुने विषयमा कुनै पनि निर्णय गर्दा वा प्रदेश मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति लिएर मात्र गर्नुपर्ने व्यवस्था रहेकोछ ।

२८. बजेट वक्तव्यको बुँदा नं. ५२ अनुरुप पर्यटन वर्षको प्रवर्द्धनका लागि कर्मचारीको निम्ति दिइने रु २५ हजार र ६ दिनको विदा सम्वन्धमा, यस प्रदेश सरकार अन्तर्गत र मातहतका निकायमा काजमा आई नियमित रुपमा एक वर्षसम्म कार्यसम्पादन गरेका र प्रदेशमा समायोजन भई आएका कर्मचारीहरु हाजिर भएको एक वर्ष पुगेमा मात्र ६ दिनको विदा र २५ हजार रुपैयाँ खर्च शीर्षक नं. २२६१२(भ्रमण खर्च) बाट भुक्तानी दिने व्यवस्था मिलाइएकोछ । सो प्रयोजनको लागि थप रकम चाहिएमा आर्थिक मामिला तथा योजना मन्त्रालयमा थप निकासाको लागि माग गर्न सक्ने व्यवस्था रहेकोछ । विदा स्वीकृति र रकम प्रदान गर्दा सवैलाई एकैपटक नदिई कार्यालयको कार्यबोझ र समय विश्लेषण गरेर कर्मचारीको विदा स्वीकृत गर्ने तथा सो रकम र कर्मचारी सङ्ख्याको चौमासिक प्रतिवेदन आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था रहेकोछ ।

२९. चारपाङ्ग्रे सवारीसाधन खरिद गर्नु अघि आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिएर मात्र खरिद गर्ने व्यवस्था रहेकोछ ।

**(ङ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था**

३०. नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागि तलब भत्ता, औषधि उपचार, उपदान, संचित बिदाको रकम लगायत सबै प्रकारका भुक्तानीहरू सोझै बैंक खातामार्फत् भुक्तानी गर्नु पर्नेछ र औषधि उपचार, उपदान, सञ्चित बिदाको रकम भुक्तानी गर्दा जतिसुकै भए पनि A/C Payee चेक मार्फत भुक्तानी गर्नुपर्ने छ ।

३१. विनियोजन ऐन, आर्थिक कार्यविधि ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली, सार्वजनिक खर्चमा मितव्ययिता तथा प्रभावकारीता कायम गर्ने समवन्धी नीतिगत मार्गदर्शन, २०७५ लगतयतका आर्थिक व्यवस्थपनसँग सम्वन्धित प्रचलित कानुनको पालना गराई वित्तीय अनुशासन कायम गर्ने गराउने ।

३२. आयोजना/कार्यक्रमको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि र लागत, उपलब्धी सूचक र जिम्मेवार कर्मचारी सहितको आयोजना कार्यान्वयन कार्ययोजना (Project Implementation Action Plan) साउन १५ गतेभित्र तयार गरी आयोजनास्थलमा र सम्बन्धित मन्त्रालयको वेबसाइटमार्फत् सार्वजनिक गर्नु पर्ने व्यवस्था रहेकोछ ।

३३. निर्माण कार्य स्थलमा सो कामसँग सम्बन्धित विवरणहरू (आयोजनाको नाम, लागत, कार्य शुरू भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, ठेक्का लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भएपछि हुने अपेक्षित परिमाण वा उपलब्धी) काम सम्पन्न नभएसम्म सर्वसाधारणले देख्न सक्ने गरी सार्वजनिक गर्नु पर्ने व्यवस्था रहेकोछ ।



प्रदेश लेखा नियन्त्रक

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय

# प्रदेश लेखा नियन्त्रक कार्यालय

प्रदेश नं. १
विराटनगर, नेपाल

३४. राजस्व तथा खर्चको लेखा राख्दा महालेखा नियन्त्रक कार्यालयले तोकेको कम्प्युटरराइज्ड प्रणालीबाट राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

३५. प्रदेश सरकार(म.प.) द्वारा स्वीकृत सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका, २०७५ को अक्षरशः कार्यान्वयन गर्ने व्यवस्था रहेकोछ । उक्त निर्देशिका कार्यान्वयनको अनुगमन प्रमुख सचिवज्यूको संयोजकत्वमा गठित समितिले गर्नेछ । सार्वजनिक निकायका पदाधिकारीले कार्यालय समयमा हुने कुनै पनि सार्वजनिक नियकाको बैठक वा कार्यक्रममा प्रतिनिधित्व गर्दा बैठक भत्ता वा अन्य कुनै भत्ता लिन नपाउने व्यवस्था रहेकोछ ।

३६. प्रचलित कानून बमोजिम स्थायी लेखा नं. (PAN) लिनु पर्ने व्यक्ति फर्म वा संस्थालाई भुक्तानी गर्दा तथा तलब, भत्ता, दैदिक भ्रमण भत्ता र कार्यक्रम सञ्चालन गर्नको लागि दिइने पेश्कीहरुको भुक्तानीमा समेत अनिवार्य रुपमा स्थायी लेखा नं. उल्लेख गरी भुक्तानी गर्ने र स्थायी लेखा नं. को जानकारी प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्वन्धित प्रदेश लेखा इकाई कार्यालयमा पठाउने भुक्तानी आदेशमा समेत उल्लेख गर्ने व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नपर्ने व्यवस्था रहेकोछ ।

३७. विभिन्न प्रकारका भुक्तानी गर्दा अनिवार्य रुपमा नियमानुसारको आयकर र पारिश्रमिक कर अग्रिम रुपमा कट्टी गरी दिखिल गर्ने व्यवस्था रहेको छ । कर बिल/बीजकको भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर (VAT) को ५०% रकम आन्तरिक राजश्व विभागले तोकेको तरिका अनुसार दाखिल गरेर बाँकी (VAT) रकम मात्र कर बिल/बिजक बमोजिमको रकमसँग भुक्तानी गर्ने व्यवस्था रहेकोछ ।

३८. बैदेशिक श्रोत समावेस भएको बजेट निकासा गर्दा प्रदेश लेखा नियन्त्रक कार्यालयको फुकुवा सम्वन्धी निर्देशन अनुसार गर्ने ।

३९. स्थानीयतहको संचितकोष रहेको बैंक र खाताको विवरण यस कार्यालयलाई समेत उपलव्ध गराउने।

४०. प्रदेशका कार्यालयहरुमा समेत लागू हुनेगरी नयाँ म.ले.प.फारामहरु स्वीकृत भएको हुँदा सोही अनुसार आर्थिक कारोवारको अभिलेख लेखाङ्कन र प्रतिवेदन गर्ने गराउने व्यवस्था मिलाउने ।

४१. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन तथा प्रचलित कानुन बमोजिम स्थानीय तहले संकलन गरी प्रदेश र स्थानीय तहबीच बाँडफाँड हुने राजश्वको विवरण स्थानीय तहबाट संकलन गरी यस कार्यालयलाई पठाउने ।

(कृष्णप्रसाद पोखरेल)
प्रदेश लेखा नियन्त्रक

प्रदेश लेखा नियन्त्रक

**बोधार्थः**

श्रीमान् सचिवज्यू, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. १ विराटनगर मोरङ।

श्री कोष प्रशासन तथा बजेट कार्यान्वयन शाखा, प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. १, विराटनगर।